## ५. प्रतिष्ठानको दक्षता र क्षमता

स्वशासन अध्ययन प्रतिष्ठानले संघ, प्रदेश र स्थानीय तहका सरकारहरुलाई देहायका प्रमुख विषय/क्षेत्रहरुमा प्राविधिक सहयोग उपलब्ध गराउन सक्दछ :

(१) स्थानीय तहको लागि ऐन, कानून, नीति, निर्देशिका, कार्यविधि, म्यानुअल, आचारसंहिता तयारी
(२) स्थानीय सरकार संचालन सम्बन्धी क्षमता विकास तालिम
(३) गाउँ/नगर प्रोफाइल तयारी
(४) आवधिक योजना, दीर्घकालिन योजना, गुरुयोजना, विषय क्षेत्रगत योजना तर्जुमा, वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयनमा सहजीकरण
(५) राजश्व सुधार कार्ययोजना तयारी
(६) संगठन विकास सर्वेक्षण
(७) सार्वजनिक वित्त व्यवस्थापन र राजश्व परिचालन
(८) आन्तरिक नियन्त्रण प्रणाली
(९) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र सामाजिक जवाफदेहिता
(१०) बालमैत्री स्थानीय शासन र बालअधिकार
(११) नागरिक सहभागिता र स्थानीय तहको अनुगमन, मूल्यांकन
(१२) संघीयता, स्थानीय शासन र न्यायिक समिति संचालन तथा क्षमता विकास
(१३) दीगो विकास लक्ष्यको स्थानीयकरण र स्थानीय तहको योजनामा मूलप्रवाहीकरण
(१४) संघीयता, स्थानीय शासन र सेवाप्रवाह सम्बन्धी तालिम तथा गोष्ठी संचालन तथा सहजीकरण
(१५) अन्तरसरकार समन्वयमा सहयोग र सहजीकरण
(१६) सामाजिक तथा भौतिक पूर्वाधार आयोजनाको डिपिआर तयार गर्ने र संचालनमा प्राविधिक सहयोग




## ६. प्रतिष्ठानको प्रकाशन

- स्वायत्त शासन: प्रतिष्ठानको त्रैमासिक प्रकाशन
- भावी नेपालमा वित्तीय संघीयता, २०६५
- समाज, संस्कार र शासन, २०६९

## ७. प्रतिष्ठानका पदाधिकारीहरू

| | |
|---|---|
| श्री पुरुषोत्तम नेपाल | कार्यकारी अध्यक्ष |
| श्री पद्मा मोहिनी माथेमा | निवर्तमान अध्यक्ष |
| श्री वसन्त राज गौतम | उपाध्यक्ष |
| श्री सूर्य शरण रेग्मी | कोषाध्यक्ष |
| श्री रविन्द्र नाथ अधिकारी | सदस्य |
| श्री खोमदत्त वराल | सदस्य |
| श्री विनोद प्रसाद ढकाल | सचिव तथा निर्देशक |


DCA
actalliance

Certificate of Appreciation

This certificate of appreciation is presented to

Institute of Local Governance Studies (INLOGOS) Nepal

for your dedication and hard work in serving the community as implementing partner during our first strategic period (2017-2021) and the COVID-19 pandemic as frontliners to support community. Your humility, kindness, flexibility, and strength are greatly appreciated.

15 September 2022

Marco Aviotti
Country Director

सम्पर्क:
**स्वशासन अध्ययन प्रतिष्ठान**
सहभागितामार्ग, मध्य बानेश्वर, काठमाडौं
फोन नं: ०१-४४६५९४२, ९८५१३१६६५८
ईमेल: info@inlogos.org, binodpdhakal@inlogos.org
वेभ साईट: www/inlogos.org

# स्वशासन अध्ययन प्रतिष्ठान (ईनलोगस)

बानेश्वर, काठमाडौं

# संक्षिप्त परिचय-२०७९


नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सम्मान-पत्र

नेपालमा विकेन्द्रीकरण प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याए वापत तपाई श्री स्वशासन अध्ययन प्रतिष्ठानलाई नेपाल सरकार (माननीय उपप्रधानमन्त्रिस्तर) को मिति २०७४/०३/२६ को निर्णयानुसार विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार-२०७४ स्वरुप नगद रु ३,००,०००/- (अक्षेरुपी रुपैँया तीन लाख) सहित यो सम्मान-पत्र प्रदान गरिएको छ ।

(दिनेश कुमार थपलिया)
सचिव
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(बिजय कुमार गच्छदार)
माननीय उपप्रधानमन्त्री एवं
संघीय मामिला तथा स्थानीय विकास मन्त्री

## १. परिचय

स्वशासन अध्ययन प्रतिष्ठान (ईनलोगस) २०६२/०१/०६ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भै विधिवत् रुपमा संचालनमा रहेको एक गैरसरकारी, गैरराजनैतिक र मुनाफा आर्जन नगर्ने स्वशासित संस्था हो । संघीयता, विकेन्द्रीकरण र स्थानीय शासनका विज्ञहरुद्वारा संचालित यो संस्था विगत १८ वर्षदेखि स्थानीय शासन पद्धतिको सुदृढीकरणको पक्षमा कार्य गर्दै आएको छ । हाल प्रतिष्ठानमा ३३ व्यक्तिगत र ३ संस्थागत सदस्य रहेका छन् । यसको कार्यालय काठमाडौं महानगरपालिका वडा नं १० बानेश्वरमा रहेको छ । यो प्रतिष्ठान विकेन्द्रित शासन पद्धतिबाट नै दीगो विकास सम्भव छ भन्ने कुरामा विश्वास राख्दछ । यो नेपाल सरकारद्वारा स्थापना गरिएको विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार प्राप्त गर्ने नेपालको पहिलो र एकमात्र राष्ट्रिय संस्था हो । प्रतिष्ठान एशिया क्षेत्रको स्थानीय शासन सम्बन्धी अन्तरराष्ट्रिय संजाल (LOGIN Asia) को सदस्य रहेको छ ।



## २. उद्देश्य

(१) संघीयता र स्थानीय शासन सम्बन्धमा ऐन, कानून, नीति/रणनीति, कार्यविधि/निर्देशिका निर्माण संघीयता र स्थानीय स्वायत्त शासन पद्धति सम्बन्धी विविध पक्षमा कार्यक्रम संचालन गर्ने ।

(२) विकेन्द्रीकण र स्थानीय शासन सम्बन्धी सर्वेक्षण, अध्ययन, अनुसन्धान, पैरवी र प्रकाशन गर्ने ।

(४) स्थानीय तहहरु र तिनका संघ/महासंघहरुको क्षमता विकासका लागि सहभागितात्मक कार्यक्रम संचालन, कार्यशाला गोष्ठी तथा तालिमको माध्यमबाट नतिजामूलक कार्यमा सहयोग पुऱ्याउने ।

(५) तीन तहका सरकारहरु बीचको समन्वय र सहयोगलाई सवल र स्थायी बनाउन मद्दत गर्ने ।

(६) ग्रामीण विकास, शहरी विकास तथा स्थानीय एवं सामुदायिक विकास सम्बद्ध बिषयमा ज्ञान तथा अनुभव आदान प्रदान गर्न अन्य संस्थाहरुसँग सहकार्य गर्ने ।

(७) सार्वजनिक र निजी क्षेत्रबीचको सहकार्यलाई प्रबर्द्धन गर्न सहयोग पुऱ्याउने, स्थानीय स्तरमा पूँजी निर्माण र पूँजी बजारको व्यवस्थाका लागि सहयोग पुऱ्याउने ।

## ३. सम्पादित कार्यहरू

स्थानीय शासन पद्धतिको संस्थागत विकासबाट स्थानीय लोकतन्त्र प्रवर्द्धन गर्नु स्वशासन अध्ययन प्रतिष्ठानको मूल मान्यता रहेको छ । स्वशासन अध्ययन प्रतिष्ठानले विषयगत क्षेत्रका अनुभवी र दक्ष जनशक्तिको परिचालन गरी खुला तथा आन्तरिक प्रतिष्पर्धाका आधारमा विभिन्न कार्यक्रम तथा आयोजनाहरु प्राप्त गरी कार्य संचालन गर्दै आएको छ । संस्थागत क्षमता विकास गरी आयोजनाको सफल कार्यान्वयन र गुणस्तरीय नतिजा प्राप्त गर्न आवश्यक भएमा अन्य व्यावसायिक एवं दक्ष संस्थाहरुसँगको सहयोग र साझेदारीमा समेत प्रतिष्ठानले कार्य गर्दै आएको छ । यस्तै गरी प्रतिष्ठानले स्थानीय तह र अन्य गैरसरकारी संस्थासँगको साझेदारीमा समेत कार्य संचालन गर्ने गर्दछ । अध्ययन, अनुसन्धान, नीति, कार्यविधि तयारी, तालिम संचालन, अनुगमन मूल्यांकन लगायतका क्षेत्रहरु गरी हालसम्म यस प्रतिष्ठानले १२० भन्दा बढी कार्यक्रम/आयोजनाहरु सम्पन्न गरिसकेको छ । प्रतिष्ठानले युरोपियन युनियनको आर्थिक सहयोग र डिसिए नेपालको समन्वयमा नागरिक समाज संस्था र स्थानीय तहको क्षमता विकास गरी स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता वृद्धि गर्दै सुशासन प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने गरी डोटी र अछाम जिल्लामा परिवर्तन परियोजना संचालन गरिरहेको छ ।

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि युनिसेफको सहयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा प्रतिष्ठानले नेपालका १५ जिल्लामा प्राविधिक सहयोग उपलब्ध गराउनाको साथै बाँकी सबै जिल्लाहरुमा तालिम/अभिमुखीकरण





कार्यक्रम संचालन गरिसकेको छ । बालमैत्री स्थानीय शासनका माध्यमबाट नेपालमा बालअधिकार प्रवर्द्धन गर्ने कार्यमा प्रतिष्ठानले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । प्रतिष्ठानले स्वदेशी तथा विदेशी विज्ञहरुको क्षमता विकास कार्यमा समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । यसमध्ये सन् २०११ मा अफगानिस्थानको सरकारी कार्यालय तथा युएनन्डीपीमा कार्यरत इन्जिनियरहरुको लागि प्रतिष्ठानले संचालन गरेको स्थानीय शासन र ग्रामीण उर्जा प्रविधि सम्बन्धी तालिम र अध्ययन भ्रमणलाई महत्वपूर्ण कार्यको रुपमा लिइएको छ । यस बाहेक राष्ट्रिय तथा स्थानीयस्तरमा बालमैत्री स्थानीय शासन, बालभेला, स्थानीय योजना तर्जुमा, प्रोफाईल तयारी, विकेन्द्रीकरण र स्थानीय शासन सम्बन्धी विभिन्न तालिमहरु संचालन गरिएको छ । २०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात् निर्वाचित पदाधिकारीहरुको क्षमता विकासको लागि प्रतिष्ठानले तालिम म्यानुअल र स्रोतपुस्तिका समेत तयार गरेको छ । यसको सफल अभ्यासबाट स्थानीय तहको नेतृत्व विकास भै स्थानीयस्तरमा सेवा प्रवाहको अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने विश्वासका साथ प्रतिष्ठानले काम गरिरहेको छ ।

## ४. विशेष कार्य

स्वशासन अध्ययन प्रतिष्ठानले नेपालको संविधान निर्माण प्रक्रियामा सघाउ पुग्ने गरी राज्य पुनर्संरचनाको खाका प्रस्ताव गरेको थियो । यस खाकामा ८ प्रदेश/राज्य र प्रत्येक प्रदेश/राज्यमा ३ देखि ६ थरि बहुसंख्यक जातिको उप-राज्य हुने गरी जम्मा ३१ वटा उप-राज्यहरुको प्रस्ताव गरिएको थियो । यो प्रस्ताव सुझावको रुपमा राज्य पुनर्संरचना सुझाव आयोग समक्ष पेश गरिएको थियो । वि.सं २०७२ को महाभूकम्पबाट प्रभावित काभ्रे जिल्लाको गैरीविसौना देउपुर गाविस (हाल मण्डन देउपुर नगरपालिका वडा नं. ५ र ६) का विपन्न वर्गका मानिसहरुलाई प्रतिष्ठानले आफ्नै क्षमतामा राहत र पुर्नस्थापना सम्बन्धी सहयोग गरेको छ । भूकम्पबाट घरवास क्षति भै वसोवासको समस्यामा परेका विपन्न र दलित समेत ६१ घरपरिवारलाई कर्कटपाता, किलाकाँटी, धुरीपाता र तार बन्धन, क्षतिग्रस्त खानेपानी योजना संचालन, विद्यालयको विज्ञान प्रयोगशालाको व्यवस्थापन, महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्य सम्बन्धी सामान सुरक्षित राख्नका निम्ति दराज वितरण जस्ता कार्य गरेको छ ।